वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४५ अंक ६७ २०८३ असार १५ गते सोमबार, नेपाल सम्वत् ११४६ June 29, 2026 पृष्ठ ४ मूल्य : रू. ५/-






## कृषकलाई १५ असारको चटारो

तनहुँको बन्दीपुर गाउँपालिका-३ सेराटारस्थित खेतमा धानको विऊ रोप्दै कृषक । मुरी उब्जाउनका लागि मानो रोप्ने असार महिना र असार १५ गतेलाई कृषकहरूले विशेष दिनका रूपमा लिने गर्दछन् । यस्तै, कृषि विभागले वि.सं. २०६१ देखि १५ असारलाई राष्ट्रिय धान दिवसको रूपमा मनाउँदै आएको छ । २३औं संस्करणको यो दिवस आज प्रदेश र स्थानीय तहमा विभिन्न जनचेतनामूलक कार्यक्रम गरी मनाइदै छ । 'जलवायुमैत्री प्रविधि, धानमा आत्मनिर्भरता र समृद्धि' भन्ने मूल नारासहित सरकारले यस वर्ष राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव-२०८३ विविध कार्यक्रमका साथ मनाइदै छ । प्रयाप्त वर्षा नहुनु तथा सिंचाई अभावमा धानको विऊ राख्न ढिलाई भएका कारण तनहुँमा रोपाईको चहलपहल बढ्न सकेको छैन ।

*तस्विर : भञ्ज्याङ*

# भदौ २४ पछि प्रतिगामी चलखेल बढ्यो, वाम एकतामा पूर्वप्रधानमन्त्रीहरूको जोड

भञ्ज्याङ समाचारदाता/काठमाडौं

नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का शीर्ष नेताहरूले गत भदौ २४ पछि मुलुकमा प्रतिगामी चलखेल बढेको भन्दै लोकतान्त्रिक व्यवस्था र संविधान जोगाउन सहकार्य हुँदै पार्टी एकतासम्म पुग्नुपर्नेमा जोड दिएका छन्।

आइतबार जननेता मदन भण्डारीको ७५औँ जन्मजयन्तीका अवसरमा काठमाडौँमा भएको 'नेपालको कम्युनिस्ट आन्दोलन र जननेता मदन भण्डारी' विषयक विचार गोष्ठी तथा 'मदन भण्डारी राष्ट्रिय पुरस्कार हस्तान्तरण समारोह'लाई सम्बोधन गर्दै पूर्वप्रधानमन्त्री समेत रहेका दुई पार्टीका शीर्ष नेताहरूले यस्तो बताएका हुन् । उनीहरुले विगतका कमी कमजोरीमाथि आत्मसमिक्षा गर्न तयार रहेको समेत बताए।

कार्यक्रममा नेकपा एमालेका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओली, नेकपाका संयोजक तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', सोही पार्टीका सहसंयोजक एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल र वरिष्ठ नेता झलनाथ खनालले सहकार्य गर्दै एकतासम्म पुग्नुपर्ने आशय व्यक्त गरेका हुन् । ओली, प्रचण्ड, नेपाल र खनाल गत भदौ २३ र २४ पछि आइतबार पहिलो पटक एउटै मञ्चमा देखिएका हुन्।

कार्यक्रममा पूर्वप्रधानमन्त्री ओलीले समाजवाद निर्माण भन्दा पनि प्रतिगमनलाई परास्त गर्न कम्युनिस्टसहित लोकतान्त्रिक शक्तिहरू मिल्नुपर्नेमा जोड दिए ।



'हामी यतिबेला समाजवाद निर्माण गर्नुपर्छ भन्छौ तर, कसरी गर्ने ?,' ओलीले भने, 'अहिले प्रतिगमनलाई पराजित गर्ने मुख्य काम हो । प्रतिगमनलाई पराजित गर्नुपर्छ ।' ओली अघि बोलेका अन्य नेताहरु भन्दा एक कदम अघि बढ्दै उनले भने, 'यतिबेला सबै लोकतान्त्रिक शक्ति, वामपन्थी शक्ति मिलेर कार्यगत एकताको माध्यमबाट जानुपर्छ र प्रतिगमनलाई पराजित गर्नैपर्छ ।'

ओलीले एमालेका नीति सही छन् कि गलत छन् भनेर छलफल गर्ने पक्षमा नरहेको पनि बताए । 'नेकपा एमालेका नीति सही छन् कि गलत भनेर कुनै एकता एकीकरणका लागि छलफल गर्ने पक्षमा एमाले छैन', ओलीले भने, 'हाम्रा नीति एकदमै सही छन् ।'

पूर्वप्रधानमन्त्री प्रचण्डले राष्ट्रिय स्वाधीनताको पक्षमा, निरंकुशताका विरूद्ध र वैदेशिक हस्तक्षेपका विरूद्ध छिटोभन्दा छिटो वामपन्थी र देशभक्तहरु एक हुनुपर्नेमा जोड दिए ।

'म भन्न चाहन्छु, राष्ट्रिय स्वाधीनताका पक्षमा, निरंकुशताका विरूद्ध, वैदेशिक दबाब र हस्तक्षेपका विरूद्ध छिटोभन्दा छिटो वामपन्थी र देशभक्त एक हुनुपर्छ। यसलाई ढिला गर्न गल्ती हुन्छ,' संयोजक प्रचण्डको भनाइ छ ।

उनले विचार मिल्नेहरु एकता गर्न ढिला गर्दा ठुलो दुर्भाग्य हुनसक्ने पनि बताए । 'केही साथीहरूले पार्टी एकता गरिहाल्ने भयो, बुझ्नै सकिएन भन्छन्, मलाई अनौठो लाग्छ । मैले आजै भोलि नै पार्टी एकता गरौँ भनेको पनि छैन', प्रचण्डले भने, 'मैले सहकार्य आजै सकिन्छ भने आजै गरौं, भरे सकिन्छ भने भरे नै र भोलि सकिन्छ भने भोलि नै गरौँ भनेको हुँ ।'

प्रचण्डले वर्तमान सरकार संविधानका आधारभूत विषयमा प्रहार गर्नेतिर उद्धत रहेको भन्दै कम्युनिस्ट आन्दोलनलाई सिद्ध्याउनेतिर देशी विदेशी शक्तिहरु लागिपरेको बताए । 'यो सरकार संविधानका आधारभूत कुरामा

*बाँकी तेश्रो पेजमा*

# सगरमाथा आरोहण गर्नेलाई पाँच लाख पुरस्कार

भञ्ज्याङ समाचारदाता/दमौली

म्याग्दे गाउँपालिकाले सगरमाथा आरोहण गर्नेलाई प्रोत्साहन स्वरूप रू पाँच लाख दिने घोषणा गरेको छ । गाउँपालिकाको झण्डासहित सगरमाथा आरोहण गर्ने म्याग्देका बासिन्दालाई रू पाँच लाख प्रोत्साहन स्वरुप सहयोग गर्ने नीति लिइएको गाउँपालिकाले जनाएको छ ।

गाउँपालिकाकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले म्याग्देको पहिचानलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा स्थापित गर्ने उद्देश्यले म्याग्दे गाउँपालिकाको लोगो अङ्कित झण्डासहित सगरमाथा आरोहण गर्ने व्यक्तिलाई रू पाँच लाख प्रोत्साहन अनुदान प्रदान गरिने बताए । नेपालको गौरवको प्रतिक सगरमाथासँग गाउँपालिकाको नाम जोड्ने तथा साहसिक पर्यटन गतिविधिलाई प्रोत्साहन गर्ने उद्देश्यले यो कार्यक्रम ल्याइएको उनले बताए ।

यस्तै आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा कृषि तथा पशुपालन क्षेत्रलाई विशेष प्राथमिकतामा राखिएको छ । दूध उत्पादनमा कृषकलाई थप उत्साहित बनाउन प्रति लिटर दूधमा रू १० अनुदान उपलब्ध गराइने व्यवस्था गरिएको छ । यस कार्यक्रमका लागि गाउँपालिकाले रू ५० लाख बजेट विनियोजन गरेको छ ।

सामाजिक सद्भाव, समानता र समावेशी समाज निर्माणलाई प्रोत्साहन गर्ने उद्देश्यले अन्तरजातीय विवाह गर्ने दम्पत्तिलाई रू ५० हजार प्रोत्साहन रकम उपलब्ध गराइने व्यवस्था गरिएको उनले जानकारी दिए । समाजमा अझै विद्यमान जातीय विभेद् अन्त्य गर्न तथा सामाजिक एकता सुदृढ बनाउन यो कार्यक्रम प्रभावकारी हुने उनको विश्वास छ ।

विपद् जोखिम न्यूनीकरण तथा आकस्मिक अवस्थाको व्यवस्थापनलाई सुदृढ बनाउन गाउँपालिकाले विपद् व्यवस्थापन कोषमा रू ४० लाख बजेट छुट्याएको छ । बाढी, पहिरो, आगलागी तथा अन्य प्राकृतिक तथा मानवीय विपद्का घटनामा तत्काल राहत, उद्धार र पुनःस्थापनाका कार्यलाई प्रभावकारी बनाउन उक्त रकम परिचालन गरिने अध्यक्ष श्रेष्ठले बताए ।

पर्यटन क्षेत्रलाई गाउँपालिकाको आर्थिक विकासको महत्त्वपूर्ण आधारका रूपमा लिँदै मानुङ, गैह्रास्वाँरा, हर्कपुरलगायत पर्यटकीय क्षेत्रको पूर्वाधार विकास र प्रवर्द्धनका लागि आवश्यक बजेट विनियोजन गरिएको उहाँले जानकारी दिए । ती क्षेत्रमा पदमार्ग, विश्रामस्थल, दृश्यावलोकन स्थल, सूचना केन्द्र तथा अन्य आवश्यक संरचना निर्माण गरी आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्ने लक्ष्य राखिएको छ ।

स्थानीय उत्पादनको संरक्षण,

*बाँकी अन्तिम पेजमा*

## सम्पादकीय ............

www.bhanjyangnews.com

# धान दिवसको सार्थकता : नाराभन्दा नतिजा आवश्यक

हरेक वर्ष असार १५ गते राष्ट्रिय धान दिवस मनाइन्छ । रोपाइँको उत्साह, खेतमा किसानको रमाइलो, दही–चिउरा खाने परम्परा र कृषि उत्पादन बढाउने प्रतिबद्धताबीच यो दिवसले नेपाली कृषि संस्कृतिको प्रतिनिधित्व गर्छ । यस वर्ष पनि "जलवायुमैत्री प्रविधि, धानमा आत्मनिर्भरता र समृद्धि" भन्ने मूल नारासहित २३औँ राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव मनाइँदै छ । जलवायु परिवर्तनका चुनौतीबीच धान उत्पादन वृद्धि गर्ने र खाद्य सुरक्षालाई सुदृढ बनाउने सरकारको उद्देश्य स्वागतयोग्य छ। तर प्रत्येक वर्ष दोहोरिने यस्ता नाराले मात्रै धानमा आत्मनिर्भरता हासिल गर्न सकिँदैन। यसको लागि नीतिगत स्पष्टता, प्रभावकारी कार्यान्वयन र किसानमैत्री वातावरण अपरिहार्य छ । नेपाल कृषि प्रधान देश हो । अझै पनि ठूलो जनसंख्या प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषिमा निर्भर छ । धान नेपालीको प्रमुख खाद्यान्न बाली हो । कृषि क्षेत्रको कुल गार्हस्थ उत्पादनमा यसको उल्लेखनीय योगदान छ । पछिल्ला वर्षहरूमा उत्पादन र उत्पादकत्व केही बढेको देखिए पनि देशको आवश्यकता पूरा गर्न अझै सकिएको छैन । वार्षिक करिब १० लाख मेट्रिक टन धान अपुग भइरहेका कारण नेपालले वर्षेनी अर्बौं रूपैयाँ बराबरको चामल आयात गर्नुपरेको अवस्था छ। एक समय चामल निर्यात गर्ने मुलुक आज आफ्नै आवश्यकता पूरा गर्न आयातमा निर्भर हुनु विडम्बनापूर्ण यथार्थ हो ।

धान उत्पादनमा कमी आउनुका पछाडि धेरै कारण छन् । खेतीयोग्य जमिन दिनप्रतिदिन बाँझिँदै गएको छ । वैदेशिक रोजगारीका कारण गाउँमा कृषि गर्ने जनशक्ति घट्दै गएको छ। समयमा मल र उन्नत बीउ उपलब्ध नहुनु, सिँचाइको अभाव, कृषि औजारको सीमित प्रयोग, बजारको अनिश्चितता तथा उत्पादनको उचित मूल्य नपाउनु किसानका स्थायी समस्या बनेका छन्। जलवायु परिवर्तनका कारण सुक्खा, बाढी र डुबानजस्ता प्राकृतिक विपद्ले खेतीलाई थप जोखिमपूर्ण बनाएको छ । यस्ता चुनौतीका बीच किसानले उत्पादन बढाउने अपेक्षा गर्नु मात्र पर्याप्त हुँदैन, उनीहरूलाई आवश्यक साधन, स्रोत र सुरक्षा पनि उपलब्ध गराउनुपर्छ । भूमि व्यवस्थापनको समस्या पनि उत्तिकै गम्भीर छ । कृषि योग्य जमिनमा तीव्र रूपमा प्लटिङ भइरहेको छ भने खेतीयोग्य जमिन बाँझो राख्ने प्रवृत्ति बढेको छ । भूमिहीन किसानसँग खेती गर्ने जमिन छैन भने खेती नगर्ने व्यक्तिसँग प्रशस्त जमिन छ। यस्तो अवस्थाले खाद्य सुरक्षामाथि दीर्घकालीन चुनौती सिर्जना गरेको छ। कृषियोग्य जमिनको संरक्षण र उत्पादनमुखी उपयोगका लागि प्रभावकारी नीति लागू गर्नु आजको आवश्यकता हो ।


सरकारले प्रत्येक वर्ष कृषि आधुनिकीकरण, आत्मनिर्भरता र किसानको आय वृद्धि गर्ने प्रतिबद्धता दोहोर्याउने गरेको छ । तर ती घोषणा व्यवहारमा अपेक्षित रूपमा कार्यान्वयन हुन सकेका छैनन् । वर्षौंदेखि रासायनिक मल कारखाना स्थापना गर्ने चर्चा भए पनि त्यसले मूर्त रूप लिन सकेको छैन । कृषि अनुसन्धानबाट विकसित उन्नत जातका बीउबिजन किसानसम्म पर्याप्त रूपमा पुग्न सकेका छैनन् । किसानले उत्पादन बढाए पनि बजार र मूल्यको सुनिश्चितता नहुँदा कृषि पेसाप्रतिको आकर्षण घट्दै गएको छ । कृषि क्षेत्रमा अब परम्परागत सोचले मात्र पुग्दैन । जलवायु परिवर्तनलाई ध्यानमा राखेर सुक्खा र डुबान सहन सक्ने धानका जातको विस्तार, आधुनिक सिँचाइ प्रणाली, यान्त्रिकीकरण, कृषि बीमा, सहुलियतपूर्ण ऋण, उत्पादनको सुनिश्चित बजार तथा मूल्य समर्थनजस्ता कार्यक्रम प्रभावकारी रूपमा लागू गर्नुपर्छ । अनुसन्धान, उत्पादन र बजारीकरणबीच बलियो समन्वय हुन सके मात्रै कृषि क्षेत्रले अपेक्षित उपलब्धि हासिल गर्न सक्छ। धान दिवसलाई केवल औपचारिक कार्यक्रम, रोपाइँ उत्सव वा सांस्कृतिक पर्वमा सीमित गर्नु हुँदैन । यसलाई कृषि सुधारको आत्मसमीक्षा गर्ने अवसरका रूपमा पनि लिन आवश्यक छ । सरकार, स्थानीय तह, कृषि अनुसन्धान संस्था, निजी क्षेत्र र किसानबीच सहकार्य बलियो बनाउँदै उत्पादनमुखी कार्यक्रम सञ्चालन गर्न सके मात्रै यस दिवसको वास्तविक उद्देश्य पूरा हुनेछ।

नेपालमा कृषि विकासको आधार किसान हुन् । किसानको श्रम, उत्पादन र योगदानको सम्मान नाराले होइन, व्यवहारले हुनुपर्छ । समयमै मल, गुणस्तरीय बीउ, सिँचाइ, प्रविधि, बजार र उचित मूल्य सुनिश्चित गर्न सकियो भने धान उत्पादन वृद्धि असम्भव छैन । युवालाई कृषि उद्यमतर्फ आकर्षित गर्ने, कृषि व्यवसायलाई सम्मानित र लाभदायक बनाउने तथा कृषिलाई आधुनिक प्रविधिसँग जोड्ने दीर्घकालीन रणनीति आवश्यक छ । धान दिवसको वास्तविक सार्थकता खेतमा रोपिएको धानको बोटसँगै किसानको आशा पनि हराभरा बनाउनुमा छ। त्यसका लागि उत्सवभन्दा बढी परिणाममा केन्द्रित हुनुपर्छ । नाराभन्दा कार्यान्वयनलाई प्राथमिकता दिन सकियो भने नेपालले फेरि खाद्यान्नमा आत्मनिर्भरताको यात्रालाई गति दिन सक्छ । अन्यथा, हरेक वर्ष धान दिवस मनाउने, प्रतिबद्धता दोहोर्याउने र चामल आयात बढाउँदै जाने विडम्बना दोहोरिरहनेछ ।

# स्मृति, संघर्ष र समाजसेवाको जीवन्त दस्तावेज : मुरलीमोहन काफ्लेको 'पल्टिएका पानाहरू'

♦ हुतमणि अधिकारी

आत्मकथा वा संस्मरण केवल कुनै व्यक्तिको जीवनकथा मात्र होइन, त्यो एउटा समय, समाज र पुस्ताको साक्षी पनि हो । त्यसैले यस्ता कृतिहरूले लेखकको व्यक्तिगत अनुभवलाई मात्र अभिव्यक्त गर्दैनन्, समाजको इतिहास, संस्कृति र परिवर्तनको यात्रालाई समेत अभिलेखीकरण गर्छन् । शिक्षाविद्, समाजसेवी, सहकारी अभियन्ता, पत्रकार तथा लेखक मुरलीमोहन काफ्लेको 'पल्टिएका पानाहरू' यस्तै प्रकृतिको महत्त्वपूर्ण कृति हो, जसले एक व्यक्तिको जीवनयात्रासँगै ग्रामीण समाजको सामाजिक, शैक्षिक र संस्थागत विकासको इतिहासलाई पनि समेटेको छ ।




करिब १३६ पृष्ठको यस कृतिमा लेखकले आफ्नो बाल्यकालदेखि शिक्षण सेवा, शिक्षा प्रशासन, सहकारी आन्दोलन, पत्रकारिता, सामाजिक अभियान, राजनीतिक सहभागिता, काठमाडौं बसाइ तथा वैदेशिक यात्रासम्मका अनुभवलाई संस्मरणात्मक शैलीमा प्रस्तुत गर्नुभएको छ । घटनाहरूलाई कालक्रमअनुसार संयोजन गरिएकाले पुस्तक पढ्दा लेखकको जीवनयात्रा सहज रूपमा पछ्याउन सकिन्छ ।

पुस्तकको उल्लेखनीय विशेषता यसको अभिलेखीय महत्त्व हो । परिवारका सदस्य, आफन्त र सहकर्मीका शुभकामना, संस्मरण तथा मूल्याङ्कनसँगै दुर्लभ तस्बिर, नियुक्तिपत्र, सरुवा, बढुवा, सम्मानपत्र तथा विभिन्न सामाजिक गतिविधिसँग सम्बन्धित दस्तावेजहरू समावेश गरिएकाले यो कृति आत्मसंस्मरण मात्र नभई सामाजिक इतिहासको स्रोत सामग्रीका रूपमा पनि उभिएको छ ।

पुस्तकको आरम्भमै लेखकले 'सर्वे भवन्तु सुखिनः' र 'वसुधैव कुटुम्बकम्' जस्ता मानवीय आदर्शलाई आफ्नो जीवनदर्शनका रूपमा प्रस्तुत गर्नुभएको छ । इमानदारी, अनुशासन, सकारात्मक सोच, अध्ययनशीलता, सहकार्य र समाजसेवालाई जीवनको मूल आधार मानेको दृष्टिकोण पुस्तकभरि प्रतिबिम्बित हुन्छ । आफ्ना उपलब्धिको आत्मप्रशंसा नगरी अनुभवबाट प्राप्त सिकाइलाई पाठकसँग बाँड्ने लेखकको विनम्रता कृतिको सबैभन्दा आकर्षक पक्ष हो ।

मुरलीमोहन काफ्लेको व्यक्तित्व शिक्षण पेसामा मात्र सीमित छैन । उहाँ शिक्षा, सहकारिता, पत्रकारिता र सामाजिक नेतृत्वका क्षेत्रमा समान रूपमा सक्रिय रहनुभएको छ। शिक्षक र प्रधानाध्यापकका रूपमा हजारौँ विद्यार्थीको जीवन निर्माणमा योगदान पुर्‍याउनुका साथै शिक्षा प्रशासनमा विद्यालय सुधार र शैक्षिक गुणस्तर अभिवृद्धिका लागि उहाँले खेलेको भूमिका उल्लेखनीय छ ।

सहकारी अभियानमा उहाँको योगदान विशेष महत्त्वको छ । ग्रामीण समुदायमा बचत, उत्पादन, आत्मनिर्भरता र आर्थिक अनुशासनको संस्कार विकास गर्न उहाँले निर्वाह गर्नुभएको भूमिका प्रेरणादायी देखिन्छ। थर्पु बजारमा सुप्रिम बचत तथा ऋण सहकारी संस्थाको स्थापना तथा सञ्चालनमा उहाँको नेतृत्व स्थानीय आर्थिक सशक्तीकरणको उदाहरणका रूपमा प्रस्तुत भएको छ । पत्रकारितामार्फत स्थानीय मुद्दाहरूलाई सार्वजनिक बहसमा ल्याउने र नागरिक समाजको सुदृढीकरणमा योगदान पुर्‍याउने उहाँको सक्रियता पनि प्रशंसनीय छ ।

म्याग्दे क्षेत्रको विकासमा उहाँको योगदान पुस्तकको अर्को महत्त्वपूर्ण पक्ष हो । वर्तमान म्याग्दे गाउँपालिका निर्माणका लागि वैचारिक आधार निर्माण, उच्च माध्यमिक विद्यालय स्थापना, सहकारी विस्तार, विकास निर्माणका लागि महायज्ञ सञ्चालन, नागरिक समाज गठन तथा थर्पु बजारमा विद्युत् सेवा केन्द्र र प्रहरी चौकी स्थापनाका लागि जनमत निर्माणमा उहाँको सक्रिय भूमिका रहेको पुस्तकले देखाउँछ । स्थानीय समाजलाई भावनात्मक रूपमा एकताबद्ध गर्ने उहाँको प्रयास म्याग्देको विकास इतिहाससँग गाँसिएको विषय हो ।

राजनीतिक रूपमा उहाँ वामपन्थी विचारधारासँग आबद्ध रहेपनि पुस्तकमा प्रस्तुत व्यक्तित्व कुनै दलविशेषको सीमामा बाँधिएको देखिँदैन। शालीनता, संवादशीलता, समन्वयकारी क्षमता र सार्वजनिक उत्तरदायित्व उहाँका विशेष गुणका रूपमा उभिएका छन्। स्थानीय नेतृत्वका लागि आवश्यक अनुभव, दृष्टि र स्वीकार्यता हुँदाहुँदै पनि उहाँ प्रत्यक्ष जनप्रतिनिधित्वमा पुग्न नसक्नु एउटा छुटेको सम्भावनाका रूपमा अनुभूत हुन्छ।

यद्यपि, समीक्षात्मक दृष्टिले हेर्दा पुस्तकमा केही सीमाहरू पनि छन्। कतिपय प्रसङ्गमा घटनाको विवरण अपेक्षाभन्दा लामो भएको छ भने विश्लेषणको ठाउँमा वर्णन बढी देखिन्छ। केही घटनालाई अझ वस्तुनिष्ठ रूपमा प्रस्तुत गरिएको भए कृतिको सन्तुलन अझ प्रभावकारी बन्न सक्थ्यो । यस्ता सामान्य सीमाका बाबजुद पुस्तकको समग्र महत्त्वमा भने कुनै कमी आएको छैन ।

समग्रमा 'पल्टिएका पानाहरू' एउटा व्यक्तिको आत्मकथा मात्र होइन, एउटा पुस्ताको सामाजिक इतिहास हो। यसले ग्रामीण समाजमा शिक्षा, सहकारिता, सामाजिक चेतना र स्थानीय नेतृत्वको विकासयात्रालाई जीवन्त रूपमा अभिलेख गरेको छ। यस कृतिले पाठकलाई संघर्षबाट नआत्तिन, समाजप्रति उत्तरदायी बन्न र अनुभवलाई भावी पुस्ताका लागि सम्पत्तिमा रूपान्तरण गर्न प्रेरित गर्छ ।




यस अर्थमा 'पल्टिएका पानाहरू' स्मृतिका साधारण पानाहरू होइनन्; ती एक कर्मशील शिक्षक, सक्षम प्रशासक, सहकारी अभियन्ता, पत्रकार र समाजसेवीले बाँचेको युगका जीवन्त अभिलेख हुन् । स्थानीय इतिहास, शिक्षा, सहकारिता तथा समाज विकासमा रूचि राख्ने पाठकका लागि यो पुस्तक पठनीय मात्र होइन, सङ्ग्रहणीय कृतिका रूपमा समेत स्थापित हुने सामर्थ्य राख्छ ।

## तपाईंको आज

| राशि | |
|---|---|
| मेष | व्यापार, साझेदारी र सट्टापट्टामा लाभ मिल्नेछ। थोरै लगानीबाट पनि नाफा कमाउन सकिनेछ। |
| वृष | सञ्चित धनको उपयोग गर्दा फाइदा हुनेछ। राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ। |
| मिथुन | सहयोगीहरूको साथले चिताएका काम सम्पादन हुनेछन्। अस्वस्थ शरीर लिएर काममा जुट्नुपर्ने समय छ। |
| कर्कट | मान-सम्मान प्राप्त हुनेछ। व्यापार बढ्नाले मनग्य धन लाभ हुनेछ। चिताएका काम सम्पादन हुनेछन्। |
| सिंह | सुखद समाचारले दिन उत्साहपूर्ण रहनेछ। मिहिनेतले सम्मानित स्थान दिलाउनेछ। अध्ययनमा प्रगति हुनेछ । |
| कन्या | अरूका लागि समय, धन र बुद्धि खर्चनुपर्ला। तत्काल फाइदा नहुने काममा अलमल हुनेछ। |
| तुला | आलस्य गर्ने प्रवृत्तिले काममा पछि परिनेछ। बेसुरमा गरिएका सम्झौता तोड्नुपर्ने आवश्यकता पर्न सक्छ। |
| वृश्चिक | चुनौतीपूर्ण कामको दायित्व लिनाले धेरै परिश्रम गर्नुपर्ला। श्रम गरीकन उचित मूल्य प्राप्त नहुन सक्छ। |
| धनु | अवसरका लागि केही त्याग गर्नुपर्ला। प्रतीक्षित नतिजाले जीवनशैलीमा परिवर्तन आउनेछ। |
| मकर | प्राथमिकताका आधारमा काम गर्न नसक्दा पछि परिनेछ। बोली-व्यवहारमा अलि सजग रहनुपर्ला। |
| कुम्भ | वादविवादमा अलमलिनुपर्दा काममा बाधा पुग्नेछ। ईर्ष्यालु प्रवृत्ति भएकाहरूले सताउन सक्छन्। |
| मीन | बाहिरी स्रोत जुट्नाले दिन उत्साहजनक रहनेछ। अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। |



# मुस्ताङको पहिचान बोकेको रेडियो भवन

मुस्ताङ ब्रोड्कास्टिङ्ग कम्यूनिटी मुस्ताङको सञ्चार इतिहासको एउटा प्रेरणादायी अध्याय हो । स्थानीय सञ्चारको पहुँच विस्तार गर्ने उद्देश्यका साथ स्थानीय कुलबहादुर थकाली र केदारसिंह थापाको पहलमा स्थापना गरिएको यो सामुदायिक रेडियो केन्द्रलाई सन् २०13 मा दक्षिण कोरियाको KOICA/MBC को सहयोगमा स्थानीय ढुङ्गा प्रयोग गरी आधुनिक स्वरूप प्रदान गरिएको थियो ।

मौलिक हिमाली वास्तुकला, स्थानीय ढुङ्गाबाट बनेको आकर्षक संरचना र अत्याधुनिक प्रसारण स्टुडियोका कारण यो रेडियो भवनलाई एक समय "विश्वकै सुन्दर रेडियो स्टेशन" मध्ये एकका रूपमा समेत चर्चा गरिन्थ्यो। सञ्चार पूर्वाधार र स्थानीय संस्कृतिको उत्कृष्ट समन्वयको नमुना बनेको यो केन्द्र मुस्ताङको गौरवका रूपमा परिचित रह्यो ।

यद्यपि आर्थिक तथा सञ्चालनसम्बन्धी चुनौतीका कारण हाल यसको प्रसारण सेवा बन्द भइसकेको छ । तर, यो भवन आज पनि सामुदायिक सञ्चार, स्थानीय पहल र ठूलो सपनाको सजीव प्रतीकका रूपमा उभिएको छ ।

समुद्री सतहबाट करिब २,८०० मिटर उचाइमा घरपझोङ गाउँपालिका–४ मा अवस्थित यो रेडियो केन्द्र केवल एउटा भवन मात्र होइन, मुस्ताङका नागरिकको आवाज, पहिचान र सूचना पहुँच विस्तार गर्ने अभियानको ऐतिहासिक स्मारक पनि हो ।

प्रसारण सेवा बन्द भएपछि संरक्षणको अभावमा भवन जीर्ण बन्दै गएको थियो । हाल भने घरपझोङ गाउँपालिकाले यसको मर्मत–सम्भार गरी सीसी क्यामेरा जडानसहित संरक्षणको व्यवस्था गरेको छ, जसले यस ऐतिहासिक सम्पदालाई जोगाउने प्रयासलाई थप मजबुत बनाएको छ ।

*तस्बिर : विष्णु पौडेल 'निरिस'/भञ्ज्याङ*

# भदौ २४ पछि प्रतिगामी ......

प्रहार गर्ने, उत्पीडित समुदायमाथि प्रहार गर्न उद्धत भएको देखिँदै गएको छ । मुख्य टार्गेट कम्युनिस्ट आन्दोलनलाई कसरी सकाउने भन्नेतिर छ,' प्रचण्डको भनाइ छ।

यस्तै पूर्वप्रधानमन्त्री नेपालले बदलिँदो मनोविज्ञान बुझ्न सक्नुपर्ने भन्दै विगतमा झण्डै दुई तिहाइ जनमत पाएको नेकपा कसरी कमजोर र विघटन हुन पुग्यो भनेर आत्मसमिक्षा गर्दै अघि बढ्नुपर्नेमा जोड दिए । 'हामीले बदलिँदो मनोविज्ञानलाई बुझ्न सकेनौँ, या हामीमा के के विकृति आए रू यसको आत्मसमीक्षा गरौँ,' सहसंयोजक नेपालले भने, 'यो एउटा पार्टीको मात्रै कुरा होइन । नेपालका जति पनि कम्युनिस्ट घटक छन्, त्यसको आत्ममन्थन गर्न सक्नुपर्छ ।' त्यसो गर्न सकेमात्र  कम्युनिस्टहरूलाई एक बनाउन सकिने नेपालको भनाइ छ ।

मिल्नसक्ने कुरामा मिलेर अघि बढ्नुपर्ने आजको आवश्यकता रहेको नेपालको भनाइ छ। 'मदन भण्डारीले भन्नुहुन्थ्यो, कुरा गरेर मात्रै चिउरा भिज्नेवाला छैन । कुरो मात्रै गरेर हुनेवाला केही छैन,' पूर्वप्रधानमन्त्री नेपालले भने, 'हामीले अहिले मिल्नसक्ने कुरामा मिलेर अघि बढ्नुपर्ने छ ।'

पूर्वप्रधानमन्त्री झलनाथ खनालले वामपन्थी एकता अत्यन्तै आवश्यक रहेकोमा जोड दिँदै विगतमा जस्तो कहिले सिङ र कहिले जुरो पलाउन नहुने बताए।

'तर बिचको कालखण्डमा हामीहरूमा कहिले सिङ पलायो, कहिले जुरो पलायो । त्यसकारण हामी एक हुन सकेनौँ', खनालले भने, 'अब समयले हामीलाई हिर्काउन थालेको छ । बाध्यात्मक परिस्थितिमा खडा गर्न थालेको छ। यसले गर्दा हामी वामपन्थी फेरि एकताबद्ध हुन खोज्दैछौँ ।'

खनालले मदन जयन्तीकै दिनबाट वामपन्थी एकतालाई दीर्घकालीन रूपमा अघि बढाउन सक्नुपर्नेमा जोड दिए । 'अब यही दिनबाट वामपन्थी एकतालाई दीर्घकालीन रूपमा अगाडि बनाउन थालौँ । तब मात्रै आज हाम्रो देशमाथि जुन साम्राज्यवादीले बबन्डर मच्चाइरहेका छन्, यसका विरूद्ध लडाइँ तब मात्रै गतिशील भएर अघि बढ्न सक्छ,' खनालले भने। रातोपाटीबाट

मिर्लुङ पोलिक्लिनिक प्रा.लि.
व्यास नगरपालिका-२, दमौली तनहुँ
फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८
हाम्रा उपलब्ध सेवाहरू :
१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा







भञ्ज्याङ पब्लिकेशन प्रा.लि.
दमौली, तनहुँ । फोन : ०६५-५६३९०७
Email : bhanjyangdml@gmail.com, www.bhanjyangnews.com

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९
२०८३ असार १५ सोमबार
June 29, 2026



**चरेर घर फर्कदै बाखा :** तनहुँको बन्दीपुर गाउँपालिका-४ देभ्चेका कृषकहरू बाखा चराएर घर तर्फ ल्याउँदै । *तस्विर : भञ्ज्याङ*

# विविधिकृत खेतीतर्फ किसानको आकर्षण

भञ्ज्याङ समाचारदाता/नवलपुर

नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को बुलिङटारका किसानहरु विविधिकृत खेतीतर्फ आकर्षित भएका छन् । यहाँका किसानले मुख्यबालीका रुपमा अदुवा, बेसार लगाएका छन् भने सहायक बालीका रुपमा चिप्लीभिन्डी र मकैबाली लगाएर आम्दानी गर्दैछन्।

बुलिङटार-१ ढाडबैंसीका किसान टकबहादुर खण्डलुकले चार रोपनी क्षेत्रफलमा बेसारखेती गर्नुभएको छ । "मैले बेसारखेतीसँगै बारीमा भिन्डी र मकैखेतीसमेत गरेको छु", उहाँले भन्नुभयो, "जसले गर्दा मलाई थोरै जमिनमा पनि धेरै उत्पादन गर्न सहयोग पुगेको छ ।" उहाँले तरकारीका रुपमा भिन्डी बजारमा बिक्री हुने र मकै बुङ्गुरको लागि दाना बन्ने गरेको बताउनुभयो।

"हामीले पहिलेपहिले एक ठाउँमा एउटामात्रै खेती गर्ने गरेका थियौं, जसबाट धेरै आम्दानी गर्न सकिँदैनथ्यो", उहाँले भन्नुभयो, "अहिले त बाली विविधिकृत खेतीका कारण एकसाथ धेरै प्रकारका खेती गरेर आम्दानी गर्न सफल भएका छौं ।"

डाढबैंसी पहाडी क्षेत्र भएकाले यहाँ अदुवा र बेसार राम्रो उत्पादन हुने उल्लेख गर्दै बेसार मानाको रू १०० मा बिक्री हुने गरेको बताउनुभयो । त्यस्तै, अदुवा पनि सिजनमा रू ६० मा बिक्री हुने गरेको भन्दै उहाँले वैशाखदेखि असोजसम्म अदुवाको राम्रो मूल्य पर्ने बताउनुभयो। यहाँका किसानले व्यक्तिगत रुपमा विविधिकृत खेतीसँगै सामूहिक रुपमा समेत खेती गर्दै आएका छन् ।

मङ्गलादेवी कृषक समूहकी सदस्य लक्ष्मी श्रेष्ठले सामूहिक रुपमा १० रोपनी क्षेत्रफलमा अदुवा र बेसार लगाएको बताउनुभयो । "हामी १५ जना मिलेर पाखो बारीमा सामूहिक खेती गरेका छौं", उहाँले भन्नुभयो, "हामीले मुख्य बालीका रुपमा अदुवा र बेसार लगाएका छौं भने सहायक बालीका रुपमा मकै र भिन्डी लगाएका छौं ।"

समूहमा मिलेर काम गर्दा काम गर्न सहज र छिटो भएको उल्लेख गर्दै उहाँले सामूहिकताको भावनासमेत वृद्धि भएको बताउनुभयो । "सामूहिक खेतीबाट उत्पादनमात्रै बढेको छैन, हामीमा नेतृत्व सीपसमेत बढेको छ", उहाँले भन्नुभयो, "समूहमा मिलेर काम गर्न पनि सिकेका छौं ।" किसानले लगाएको सामूहिक र विविधिकृत खेती गर्दा स्थानीय प्रजातिका बालीहरु लगाउँदै आएको उहाँले बताउनुभयो ।

डाढबैंसीका किसानहरु अहिले अदुवाको बूढी (रोपेको अदुवा उम्रिएपछि जमिनमुनिबाट निकालिने पुरानो अदुवा/बीउ अदुवा) निकाल्न व्यस्त छन् । अकलादेवी कृषक समूहकी उपाध्यक्ष मैना विकले अदुवाको बूढी निकालेर बिक्री गर्दा यसबाट मनग्य आम्दानी हुने गरेको बताउनुभयो । "पहिला हामीले अदुवा लगाएर यत्तिकै छाड्ने गरेका थियौं, बूढी माटोमा कुहिएर सकिन्थ्यो", उहाँले भन्नुभयो, "हामीले बाली विविधिकृतबारे तालिम लिएपछि बूढी अदुवा निकालेर बिक्री गर्दै आम्दानी गर्न थालेका छौं ।"

उहाँको समूहले पनि पाँच रोपनी क्षेत्रफलमा अदुवा र बेसारखेती गरेको छ । "अहिले अदुवा र बेसार गोडमेलको बेला भएको छ", उहाँले भन्नुभयो, "गोडमेलसँगै अदुवाको बूढी पनि निकालेर भण्डारण गर्दैछौं ।" बाली विविधिकृत खेती सुरू गरेपछि यहाँका किसानहरूको जीवनस्तरमा सुधार आएको विकले बताउनुभयो। "पहिला खेती गर्दा हामीलाई घरमै खान मुस्किल हुने गरेको थियो", उहाँले भन्नुभयो, "अहिले त अदुवा र बेसार बारीमा मकै र भिन्डीबाट अतिरिक्त आम्दानी पनि गर्न सफल भएका छौं ।"

बुलिङटार गाउँपालिकाकी पूर्वउपाध्यक्षसमेत रहनुभएकी विकले विविधिकृत खेतीका लागि पालिका र कारितास नेपालले सहयोग गरेको बताउनुभयो । "हामीले स्थानीय तर उन्नत जातका बीउहरु पाएका छौँ", उहाँले भन्नुभयो, "योसँगै कृषि प्राविधिकहरु बारीमै आएर खेती हेर्ने तथा हामीलाई प्राविधिक विषयमा सहजीकरण गर्दै आउनुभएको छ।" यहाँका किसाले अहिले अदुवा र बेसारसँगै जीविकोपार्जनका लागि मुसुरो, केराउ, गहत, बोडी, सिमी, काउली, भिन्डी, करेला, काँक्रा, फर्सीलगायतका खाद्यान्न लगाउन थालेका विकको भनाइ छ । रासस

# मर्स्याङ्दीका स्थानीयलाई निःशुल्क बिजुली

भञ्ज्याङ समाचारदाता/लमजुङ

संघीय सरकारले आगामी आर्थिक वर्षदेखि १०० युनिटमाथि पाँच प्रतिशत विद्युत्मा कर लगाउने तयारी गरेका बेला यहाँ मनाङ जिल्लासँग सिमाना जोडिएको लमजुङको मर्स्याङ्दी गाउँपालिकाले भने स्थानीयलाई मासिक निःशुल्क बिजुली उपलब्ध गराउने भएको छ ।

मर्स्याङ्दी गाउँपालिकाले पालिकाका स्थानीयलाई आगामी आवदेखि प्रत्येक घरलाई मासिक ५० युनिटसम्म विद्युत् निःशुल्क दिने भएको हो । मर्स्याङ्दीले आगामी आवको नीति तथा कार्यक्रममा प्रत्येक घरलाई ५० युनिट विद्युत् निःशुल्क प्रस्ताव गरेर २१औँ गाउँसभाले पारित गर्दै लागू गर्न लागेको गाउँपालिका अध्यक्ष अर्जुन गुरूङले बताउनुभयो। उहाँका अनुसार गाउँपालिकाले आगामी आवको नीति तथा कार्यक्रममा 'जलविद्युतको आम्दानी, उज्यालो मर्स्याङ्दीमा लगानी' कार्यक्रमअन्तर्गत उपभोक्ताले मासिक ५० युनिटसम्मको विद्युत् महसुल निःशुल्क पाउने व्यवस्था गरेको हो । यसका लागि गाउँसभा बाट रू ५५ लाख बजेट विनियोजन गरिएको अध्यक्ष गुरूङले बताउनुभयो ।

गाउँपालिकाका अनुसार पालिकाका नौवटै वडामा गरी चार हजार ४०९ घरपरिवार रहेका छन्। गाउँपालिकाले आगामी आवमा विद्युत् रोयल्टीबाट करिब रू चार करोड आम्दानी हुने अनुमान गरेको छ। पालिकाभित्रका हाइड्रोपावरबाट आएको रोयल्टीमध्येबाट उक्त युनिटसम्मको बिजुली गाउँपालिकाले बिजुली महसुल तिर्ने व्यवस्था गरेको प्रमुख प्रशासकीय अधिकृत विज्ञान पौडेलले जानकारी दिनुभयो ।

यस गाउँपालिकाभित्र ५० मेगावाट क्षमताको माथिल्लो मर्स्याङ्दी 'ए', ३० मेगावाटको न्यादी जलविद्युत् आयोजनासहित आठवटा विभिन्न आयोजनाबाट करिब १०० मेगावाट विद्युत् उत्पादन भइरहेको छ । बैंसीसहर नगरपालिकासँग जोडिनेगरी ५० मेगावाटको मर्स्याङ्दीबैंसी जलविद्युत्लगायतका आयोजना निर्माणाधीन अवस्थामा छन् । उत्पादन बढेसँगै गाउँपालिकाको रोयल्टी आम्दानी पनि बढ्ने गाउँपालिकाले जनाएको छ । गाउँपालिकाका अध्यक्ष गुरूङका स्वकीयसचिव तथा स्थानीय प्रदीप गुरूङले गाउँपालिकाले लागू गर्न लागेको स्थानीयलाई निःशुल्क ५० युनिटसम्मको बिजुली गाउँपालिकाका ९० प्रतिशत नागरिकले सो युनिटभन्दा पनि कम बिजुली बाल्ने गरेको बताउनुभयो । पालिकामा अधिकांश ग्रामीण क्षेत्र रहेकाले उद्योगधन्दा न्यून छ, बिजुलीको प्रयोग पनि कम हुँदा उक्त प्रतिशतका स्थानीयले सम्भवतः एक रूपैयाँ पनि महसुल खर्च गर्नु नपर्ने देखिएको उहाँको भनाइ छ ।

हालसालै सम्पन्न मर्स्याङ्दी गाउँपालिकाको २१औँ गाउँसभा बैठकले आव २०८३/८४ का लागि रू ६८ करोड ७३ लाख १८ हजार ५०० को बजेट सार्वजनिक गरेको छ । यस गाउँपालिकामा १८ हजार ७५९ जनसंख्या रहेको गाउँपालिकाले जनाएको छ । ५० युनिटसम्म बिजुली निःशुल्क हुने भएपछि स्थानीय हर्षित भएका छन् । रासस

## सगरमाथा आरोहण ........

बजारीकरण तथा उपभोगलाई बढावा दिन 'बसे पनि सहर, गाउँकै खाने रहर' कार्यक्रम सञ्चालन गरिने अध्यक्ष श्रेष्ठले बताए । यस कार्यक्रममार्फत गाउँमा उत्पादन भएका कृषि उपज, दुग्धजन्य पदार्थ, खाद्यान्न तथा परम्परागत खाद्य सामग्रीको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

गाउँपालिकाले कृषि उत्पादन वृद्धि, पर्यटन प्रवर्द्धन, सामाजिक समावेशिता, विपद् व्यवस्थापन र स्थानीय उत्पादनको संरक्षणलाई एकीकृत रुपमा अघि बढाउँदै दिगो विकास र समृद्ध म्याग्दे निर्माणको लक्ष्य लिएको जनाएको छ ।

## facebook twitter



**आनन्द अधिकारी**
x.com/anandadhikari50

राजनिति देश बनाउने क्षत्र हो। यो कांग्रेस एमाले र माओवादीले यो क्षत्रलाई रोजी रोटी मात्रै बनाएनन् लुटधन्दाको यन्त्र नै बनाए । रास्वपाले काम गर्ने अबसर पाएको छ, जनताको चाहना बमोजिम परिबर्तन गरोस सफल होस नेपाली जनताले सुख पाउन । तर प्रारम्भिक लक्षणहरु देखिदै छन हतपत्त हात हाल्ने र असफल हुने, संस्थाहरूलाई सबलिकरण र सुशासनलाई जोड्नु भन्दा पनि संबैधानिक निकायका प्रमुखलाई कार्यपालिकाका प्रमुखले केरकार गर्ने, ब्यक्ति केन्द्रित अनुसंधानको निरन्तरता, फितलो, हेपाहा र अपरिपक्व ब्याबहार, हचुवामा गरिने निर्णयहरूले पतन तिर नभए कता गइन्छ र ?



**योगराज आशिष दाहाल**
x.com/Yogarajdahal326

प्रधानमन्त्री बालेन्द्र साह विश्वका १०० प्रभावशाली व्यक्तिको सूचीमा परे, तर अन्तर्राष्ट्रिय फुटबल महासंघ फिफाले नेपाललाई प्रतिबन्ध लगाइदियो। राजा महेन्द्रलाई विदेश भ्रमणमा उच्च सम्मान दिएको भन्दै नेपालीहरु पुरानो भिडियो हेरेर भावुक हुन्छन्, तर कुपोषणले ग्रसित त्यो बेलाको नेपालीको औसत आयु जम्मा ३० देखि ४० वर्षको थियो। आज दुईतिहाइको सरकार छ, तर अस्पतालमा रेबिजको भ्याक्सिन छैन । डाक्टर, इन्जिनियरहरु संसदमा छन्। तर इन्सुरेन्स बन्द गरिदिंदा भित्रभित्रै धेरै मान्छे मरिसकेका छन् । त्यसकारण, एउटा व्यक्तिले कस्तो सम्मान पायो र उ कति ठूलो मान्छे हो भन्ने कुराले आम जनताको जिवनलाई केही फरक पार्दैन

# असारे रोपाई महोत्सवले आकर्षित गऱ्यो विदेशी पर्यटक

भञ्ज्याङ समाचारदाता/कास्की

पोखरा महानगरपालिका-३० शिशुवा देउरालीस्थित खोलाको छेउमा आइतबार बिहानदेखि छुट्टै रौनक थियो। मध्य असारको महिना खेताला र बाउसेलाई भ्याइनभ्याइ थियो। गोरूले खेत हिलाउने, बिउ काढ्ने र धान रोप्न कृषक बिहानदेखि व्यस्त थिए। तर आइतबार स्थानीय कृषकसँगै स्वदेशी तथा विदेशी पर्यटक पनि हिलोमा उत्रिए । पर्यटक अनुहार र शरीरभर हिलो दलेर रमाएका थिए । खेतमै धान रोप्दै, असारे भाका गाउँदै र हिलो खेल्दै रमाएका उनीहरूको सहभागिताले असारे रोपाइँ महोत्सवलाई कृषि र पर्यटनको सङ्गमका रुपमा फेरि एकपटक जीवन्त बनायो।

पोखरा पर्यटन परिषद्को आयोजनामा हरेक वर्ष सञ्चालन हुँदै आएको असारे रोपाइँ महोत्सवलाई यस वर्ष पनि निरन्तरता दिइएको हो। २१औँ संस्करणको महोत्सवमा छिमेकी मुलुक भारतसहित अमेरिका, बेलायत, फ्रान्स, जर्मनी, चीनलगायत विभिन्न देशका विदेशी पर्यटक तथा स्वदेशी आगन्तुक सहभागी थिए । सहभागी पर्यटकले स्थानीय कृषकसँगै धान रोपे, हिलो खेले, हिलोमै फुटबल खेल्ने र असारे गीतमा नाच्दै नेपाली ग्रामीण संस्कृति नजिकबाट अनुभव गरे ।

परिषद्का अनुसार 'पोखरा सबै मौसमका लागि' भन्ने नारासहित पोखरालाई कृषि, पर्यटन र मौलिक संस्कृतिको प्रवर्द्धन गर्ने उद्देश्यले असारे रोपाइँ महोत्सव आयोजना गरिएको हो । हरेक वर्ष राष्ट्रिय धान दिवसका अवसरमा असार १५ गते रोपाइँ महोत्सव गर्ने गरिए पनि यस वर्ष पूर्णिमा परेको र कृषकले हल गोरू नचलाउने परम्परा रहेकाले एक दिनअघि महोत्सव गरिएको आयोजक पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले बताउनुभयो। उहाँका अनुसार पोखराको प्राकृतिक सौन्दर्यसँगै कृषि तथा सांस्कृतिक पर्यटनको गन्तव्यका रुपमा प्रवर्द्धन गर्ने उद्देश्यले महोत्सवलाई निरन्तरता दिइएको हो ।

"यस्ता कार्यक्रमले विदेशी पर्यटकलाई नेपाली जीवनशैली, कृषि परम्परा र मौलिक संस्कृतिसँग प्रत्यक्ष साक्षात्कार गराउनुका साथै पोखराको पर्यटन प्रवर्द्धनमा समेत योगदान पुग्ने गरेको छ। स्वदेशी तथा विदेशी पर्यटकलाई नेपाली असारे रोपाइँ संस्कृतिको प्रत्यक्ष अनुभव गराउन महोत्सव गरिएको हो । रोपाइँलाई उत्सवका रुपमा मनाउने परम्पराले कृषि र पर्यटनबीचको सम्बन्धलाई अझ बलियो बनाउँछ", पहारीले भन्नुभयो। महोत्सवको उद्घाटन गर्दै पोखरा महानगर प्रमुख धनराज आचार्यले नेपालको प्रमुख खाद्यबाली धानको व्यावसायिक उत्पादनका लागि महानगरले कृषकलाई अनुदानलगायत सहयोग गर्दै आएको बताउनुभयो । पोखराको पहिचान बनेको 'पोखरेली जेठोबुढो' धानको 'ब्रान्डिङ' गर्न सुरू गरिएको उहाँले बताउनुभयो ।

"परम्परागत खेती प्रणालीले गर्दा उत्पादनलगायत बढेको छ । हामीले आधुनिकीकरणमा जोड दिनुपर्छ । केही मौलिक र परम्परागत संस्कृतिलाई जोगाउँदै चक्लाबन्दी र आधुनिक कृषिखेतीमा कृषकलाई उत्प्रेरित गर्न लागत साझेदारीमा अनुदान, कृषि उपकरण, मल, बीउमा सहयोग गरेका छौं", प्रमुख आचार्यले भन्नुभयो । महोत्सवका संयोजकसमेत रहनुभएका पोखरा पर्यटन परिषद्का महासचिव जीवनराज सापकोटाले महोत्सवले विदेशी पर्यटकलाई धान रोपाइँ, हिलो खेल तथा ग्रामीण जीवनशैलीको अनुभव गराएको बताउनुभयो ।

"कृषि र पर्यटनलाई एकै सूत्रमा जोड्दै स्थानीय उत्पादन, संस्कृति र जीवनशैलीको प्रवर्द्धनमा महोत्सवले योगदान पुग्नुका साथै स्थानीय आर्थिक गतिविधि र पर्यटन व्यवसायलाई चलायमान बनाएको छ", सापकोटाले भन्नुभयो । पोखरामा दुई दशकभन्दा बढी समयदेखि सञ्चालन हुँदै आएको असारे रोपाइँ महोत्सव पोखराको कृषि संस्कृति तथा पर्यटन प्रवर्द्धनलाई जोड्ने विशिष्ट कार्यक्रमका रुपमा स्थापित हुँदै आएको छ । रोपाइँ महोत्सवमा आन्तरिकसहित विदेशी पर्यटकसमेत सहभागी हुँदा अझ महोत्सवको छुट्टै रौनक हुने गरेको छ ।

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४